# कञ्चन गाउँपालिका

# आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्य

**सभाका सभाध्यक्ष महोदय,**

१. कञ्चन गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस गाउँपालिकाको नवौंगाउँसभामा आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गरिरहँदा गौरवको महशुस गरेको छु । यस महत्वपूर्ण अवसरमा मुलुकलाई संघीय लोकतान्त्रिक गणतन्त्रको युगमा ल्याउन योगदान गरी कञ्चन गाउँपालिकालाई आफ्नो सिमा भित्र रहेका विकास निर्माण लगायतका कुराहरुमा रहेर बजेट निर्माण गर्न कानूनी आधार उपलब्ध गराउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा यस गाउँपालिकालाई यो अवस्थामा ल्याउन योगदान गर्नुहुने अग्रज महान् गाउँपालिकाबासी नागरिक र राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. संघीयताको कार्यान्वयन सँगै राज्य पुनर्संरचनाको महत्वपूर्ण पक्षको रुपमा रहेको वित्तीय संघीयताको कार्यान्वयन हुने कामको प्रारम्भ भैसकेको छ । जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट कञ्चन गाउँपालिका बासीले खोजेको सेवा, चाहेको विकास र परिकल्पना गरेको समाजको निर्माण गर्ने प्रणाली स्थापित भएको छ । गाउँपालिकाको कार्य सम्पादनबाट स्रोत, साधन र अवसरको अधिकतम परिचालन गर्दै समृद्धि तर्फ अघि बढ्ने आधारशिला यस गाउँपालिकामा पनि तयार भएको छ ।

३. कञ्चन गाउँपालिकाले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको फल स्वरुप समृद्ध गाउँपालिका, सुखी गाउँपालिका बासी को आकांक्षा हासिल गर्ने दिशामा यो गाउँपालिका दृढताका साथ अघि बढेको छ । यस क्रममा सामाजिक न्यायको प्रत्याभूति सहितको जनउत्तरदायी गाउँपालिका र सभ्य सुसंस्कृत एवं कर्तव्यनिष्ठ समाज निर्माण गर्दै पूर्ण लोकतन्त्रको दिशामा समृद्ध अर्थतन्त्र निर्माणका लागि यो गाउँपालिका प्रतिवद्ध छ ।

४. विगतमा कञ्चन गाउँपालिकाले लिएका नीति, कार्यक्रम तथा बजेटको कार्यान्वयनबाट यस गाउँपालिका भित्र धेरै परिवर्तनका संकेतहरु देखा पर्न शुरु

गरेका छन् ।कञ्चन गाउँपालिकाले सञ्चालन गरेका विभिन्न कार्यक्रम मार्फत गाउँपालिका बासीहरुले आफ्नो आय स्तर बढाउने, नकारात्मक कार्यहरुमा खबरदारी गर्ने, समाज सुधारको बाटोमा आफूलाई समाहित गर्ने, गरिबी, विपन्नता, निरक्षरता र पछौटेपनको अवस्था नरहने अवस्थाको शुरुवात भएको छ ।

५. गाउँपालिकामा कार्यान्वयन भै रहेका योजनाहरुले कार्यान्वयनको गति लिई रहेकै अवस्थामा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको दोस्रो भेरियन्टको संक्रमण यो गाउँपालिकामा पनि महामारीको रुपमा फैलिएको कुरा सबैलाई अवगत नै छ । गाउँपालिकाको अथक प्रयास र गाउँपालिका बासीको साथ र सहयोगले कोरोना भाइरसको संक्रमण कम गर्न सफल भएको मैले महशुस गरेको छु । महामारी नियन्त्रण जस्तो कार्यमा हामीलाई महत्वपूर्ण सहयोग गर्नु हुने कञ्चन गाउँपालिकाका विभिन्न सहयोगि संस्थाहरु, वुद्धिजिवी वर्ग, कञ्चन मा क्रियाशिल राजनितिक दल, सुरक्षा कर्मी, स्वास्थ्य कर्मी तथा गाउँपालिकाका सबै कर्मचारीहरुलाई धन्यबाद दिन चाहन्छु ।

६. आर्थिक, सामाजिक र भौतिक पूर्वाधार निर्माण र पूनर्निर्माण कार्यमा तिव्रता आएको छ । विकासमा जनताको चासो तथा गुनासाका खबरदारीहरु देखा पर्न थालेका छन् । समग्रमा चालु आर्थिक वर्षमा समग्र विकासको अवधारणा अनुसार गाउँपालिकाका विभिन्न विकासका सम्भावनाहरुमा लगानी बढाइएको थियो जसको कार्यान्वयन अपेक्षित रुपमा भैरहेको अवस्था देखिएको छ । गाउँपालिका भित्र जनताले प्रत्यक्ष अनुभव गर्ने खालका कार्यक्रमहरु सञ्चालन भएका छन जसको कार्यान्वयनले सबै गाउँपालिका बासीहरु हर्षित हुनुहुन्छ भन्ने मैले अपेक्षा गरेको छु ।

७. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले यो वर्ष हासिल भएका उपलब्धीहरुलाई विशेष ध्यान दिँदै गाउँपालिका बासीका आर्थिक र सामाजिक हित वृद्धि गर्न पहल गरेको छु । गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी र जनताको पहुँच सम्म पुर्याउन विशेष पहल गर्ने खालका कार्यक्रमहरु सञ्चालन गर्न विशेष ध्यान केन्द्रीत गरेको छु । गाउँपालिकाले लिएका दीर्घकालिन योजना तथा गुरुयोजना अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने प्रयास पनि यस आर्थिक वर्षको बजेटमा सम्बोधन गर्ने प्रयास गरिएको छ ।

८. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा मैले मूलतः नेपालको संविधान र कानूनहरु, संघीय सरकारबाट प्राप्त मार्गदर्शन, प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन,गाउँपालिकाले पारित गरेको यस आर्थिक वर्षको नीति तथा कार्यक्रम, आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र विभिन्न संघ संस्था एवम् विद्वतवर्गहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई विशेष ध्यान दिएको छु ।

९. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म संघीय सरकारबाट समानीकरण अनुदान तर्फ रु. ८ करोड ७५ लाख २५ हजार, शसर्त अनुदान तर्फ रु. १३ करोड ४९ लाख १ हजार, विशेष अनुदान तर्फ रु. ४३ लाख ८५ हजार गरी जम्मा रु. १२ करोड ६८ लाख ११ हजार प्राप्त भएको छ । यसै गरी प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ रु. ३९ लाख ४० हजार शसर्त अनुदान तर्फ रु. १ करोड ४८ लाख ५० हजार, विशेष अनुदान तर्फ रु. ७० लाख र समपुरक अनुदान तर्फ रु. २ करोड गरी जम्मा रु. ४ करोड ५८ लाख ५१ हजार प्राप्त भएको छ । संघीय सरकारको राजस्व बाँडफाँडबाट जम्मा रु. ५ करोड ३६ लाख २० हजार र गाउँपालिकाको आन्तरिक श्रोतबाट जम्मा रु. १ करोड ७९ लाख २८ हजार प्राप्त भै २०७८ जेष्ठ मसान्त सम्मको यथार्थ आम्दानी रु. ३४ करोड ४२ लाख ११ हजार भएको छ ।

१०. माथि प्रस्तुत गरिएको आम्दानी बाट २०७८ जेष्ठ मसान्त सम्म चालु तर्फ जम्मा रु. १९ करोड ३० लाख ९७ हजार र पूजिगत खर्च तर्फ जम्मा रु. १६ करोड ५० लाख २२ हजार खर्ज भै जम्मा रु. ३५ करोड ८१ लाख २० हजार यथार्थ खर्च भएको अवस्था रहेको छ ।

११. अव म आगामी आर्थिक वर्ष २०७८/७९ को बजेटका उद्देश्यतथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेटका उद्देश्यहरु सर्वप्रथम तपशिल अनुसार राख्न चाहन्छु ।

क) विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमणबाट गाउँपालिका बासीलाई सुरक्षित राख्ने,

ख) गाउँपालिका बासीका मैलिक हक र अधिकारका रुपमा रहेका आवश्यकताहरु शीघ्र परिपूर्ति गर्दै जीवनस्तरमा सुधार ल्याउने,

ग) उपलब्ध भए सम्मका साधन-स्रोतहरुको उच्चतम उपयोग गर्दै न्यायपूर्ण तरिकाले विनियोजन गरी सामाजिक न्यायको प्रत्याभुति गराउने,

घ) आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी गाउँपालिका बासीलाई बसाइ सराइबाट गाउँपालिका छोड्ने समस्यालाई कम गरी गाउँपालिकामा बस्ने वातावरणको निर्माण गर्ने,र

ङ) विगत लामो समय देखि यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालिन रुपमा व्यवस्थापन गरी कञ्चन बासी सम्पूर्ण भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको स्वामित्व दिलाउने,

१२. बजेटका उद्धेश्यहरु हासिल गर्न मैले देहाय अनुसारका नीतिगत, कार्यक्रमगत र प्रक्रियागत प्राथमिकता निर्धारण गरेको छु ।

क) कोरोना भाइरसको रोकथाम, संक्रमण नियन्त्रण तथा उपचारकालागि परिक्षणको दायरा विस्तार, अस्पताल निर्माण, उपचारको व्यवस्था, स्वास्थ्य उपकरण तथा सामाग्रीहरुको व्यवस्था र स्वास्थ्यकर्मीहरुको प्रभावकारी परिचालन,

ख) गाउँपालिकामा भएको गरिबीको अन्त्य र पिछडिएका क्षेत्र, वर्ग र समुदायको उपयुक्त तरिकाले उत्थान गर्दै सामाजिक सुरक्षाको विस्तार सहित कल्याणकारी राज्य व्यवस्थाको निर्माण,

ग) उत्पादनको वृद्धि, कृषिमा आधुनिकीकरण र विभिन्न सरोकारवालाहरुको सहकार्यमा पूँजि निर्माणको माध्यमबाट रोजगारी सिर्जना र आयवृद्धि,

घ) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका सामाजिक र कृषि, उद्योग, पर्यटन लगायतका आर्थिक पूर्वाधार विकास, रणनैतिक महत्वका भौतिक पूर्वाधार संरचनाको विकास तथा निर्माण र अधुरा आयोजनाहरुको कार्यान्वयन,

ङ) कानूनी राज्यको मान्यता अनुरुप विधिको शासन, सार्वजनिक सेवाको प्रभावकारिता, जवाफदेहिता र विकासमा जनसहभागिता मार्फत गाउँपालिका बासीलाई अनुभूति हुने सुशासन प्रवर्द्धन,

च) संघ, प्रदेश र गाउँपालिका विच समन्वय र सहकार्य मार्फत सन्तुलित विकास,

छ) भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गरी जग्गाको हक उपलब्ध गराउने,

ज) उपलब्ध स्रोत-साधन, अवसर र जिम्मेवारीको उच्चतम उपयोग गर्न गाउँपालिकामा सहकारी र नीजि क्षेत्रबीच सहकार्य, र

झ) गाउँपालिकाका सबै वडाहरुमा संघीय सरकारका राजस्व बाँडफाँटका मुख्य सुचकहरु जनसंख्या र क्षेत्रफलको आधारमा बजेट विनियोजन ।

**सभाध्यक्ष महोदय,**

१३. अब म चालु आर्थिक वर्षमा यस गाउँपालिकाले सम्पन्न गरेका विभिन्न महत्वपूर्ण कार्यक्रमहरुको चर्चा गर्न चाहन्छु ।

१४. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको संरचनागत तथा प्रणालीगत सुधारका विभिन्न कार्यक्रमहरु संचालन गरी विद्यालयहरुलाई शिक्षक दरबन्दी मिलानका माध्यमबाट व्यवस्थित गर्ने प्रयास गरिएको छ ।

१५. गाउँपालिका भित्रका विद्यालयहरुमा अध्यापन गराइ रहनु भएका प्रधानाध्यापक तथा शिक्षकहरुको शिकाई क्षमता वृद्धि, शिकाईमा नविन्तम प्रविधिको प्रयोग तथा सकारात्मक परिवर्तनका कार्यक्रमहरु सञ्चालन गरी निजहरुको व्यक्तित्व विकासका कार्यक्रमहरुको शुरुवात गरिएको छ ।

१६. महिनाबारीको समयमा विद्यालय जान नसक्ने विद्यार्थिहरुको समस्यालाई मध्येनजर गरी गाउँपालिकाका सबै विद्यालयहरुमा स्यानेटरी प्याडको उपलब्धता बढाइएको छ ।जसको परिणाम स्वरुप कञ्चन गाउँपालिका महिनाबारीको लागि सुरक्षित समाग्री युक्तविद्यालय क्षेत्र गाउँपालिका हुने अवस्थामा पुगेको छ ।

१७. कृषि, पशु र महिला तथा बालबालिकाका कार्यक्रमहरु लक्षित वर्गको पहिचान गरी सञ्चालन गर्ने परिपाटीको विकास गरिएको छ ।

१८. गाउँपालिकामा हालसम्म ५५ कि.मि. सडक कालोपत्रे सम्पन्न भएको छ, करिव २०० कि.मी. सडक ग्राभेल गरी सडक आवत जावत सुचारु भएको छ । गाउँपालिकाको प्रशासनिक भवन करिव सम्पन्न भएको छ । ४ वटै वडा कार्यालयहरु सबै भवनहरु निर्माण सम्पन्न भै आफ्नै प्रशासनिक भवनबाट कार्य सम्पादन गर्न शुरु भएको छ । स्वास्थ्य चौकीहरुका ३ वटा भवनहरु निर्माण सम्पन्न भएका छन भने वडा नं. २ को स्वास्थ्य चौकी यस वर्ष सम्पन्न हुने अवस्थामा रहेकोमा कोरोना भाइरसको संक्रमणको कार्य केही काम बाँकी रहेको छ । आगामी आ.व. को पहिलो चौमासिकमा उक्त काम सम्पन्न हुने अपेक्षा राखेको छु । गाउँपालिकामा सिंचाइ सम्बन्धी सुविधा करिव ९०

प्रतिशत पुरा भएको छ । खेलकुदका संरचनाहरु ५० वटा निर्माण सम्पन्न भएका छ ।

१९. अब म सामाजिक विकास तर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**सामाजिक विकास**

**शिक्षा**

२०. आगामी आर्थिक वर्षमा शिक्षा तर्फ वडा नम्बर १ को दुर्गा माध्यामिक विद्यालयमा ४ कोठे भवन निर्माण संघीय सरकारको विशेष अनुदान मार्फत गर्ने व्यवस्था मिलाएको छु । यस कार्यको लागि **१ करोड १ लाख** विनियोजन गरेको छु ।

२१. कञ्चन गाउँपालिकाको वडा नम्बर ३ रहेको गाउँपालिकाको १ मात्र बहुमुखी क्याम्पस हरैया बहुमुखी क्याम्पसको शिक्षण सुधारको लागि अनुदान स्वरुप रकम उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १५** लाख विनियोजन गरेको छु ।

२२. कञ्चन गाउँपालिका भित्र रहेका विद्यालयहरुको समान पहिचान बनाउन विद्यालयहरुमा एकै प्रकारको रङ्ग लगाउने र विद्यार्थीहरुको सिकाइमा प्रभावकारीता ल्याउन विद्यालयमा छापायुक्त कक्षाकोठा निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १४** लाख विनियोजन गरेको छु ।

२३. विद्यालयहरुमा नविन्तम प्रविधिको प्रयोग मार्फत शिक्षण सिकाइमा आधुनिक व्यवस्थाको सुरुवात गर्ने कार्यक्रम राखेको छु । यस कार्यका लागि **रु ५ लाख** विनियोजन गरेको छु ।

२४. गाउँपालिका भित्र रहेका विद्यालयहरुको सुधारमा समस्या सिर्जना हुन नदिन नीतिगत विषयमा यसको गहिरो अध्ययन गरी समस्या समाधान गर्ने व्यवस्थाको लागि शिक्षा समिति र प्रधानाध्यापकहरुको नियमित बैठक बस्ने कार्यलाई निरन्तरता दिएको छु । यसकालागि आवश्यक रकम विनियोजन गरेको छु ।

२५. गाउँपालिका भित्र अध्ययन गर्ने विद्यार्थीहरुको लुकेको प्रतिभाको खोजी गर्न कञ्चन प्रतिभा सप्ताहको कार्यक्रमलाई रकम वृद्धि गरी निरन्तरता दिएको छु । यस कार्यका लागि **रु. ६ लाख**रकम विनियोजन गरेको छु ।

२६. विद्यालयका विभिन्न कार्यक्रमहरुलाई विद्युतीय माध्यमबाट व्यवस्थित गर्दै आवश्यक परेको समयमा सहज रुपमा विद्यालयका तथ्याङ्कहरु प्राप्त गरी उपयुक्त विश्लेषणको माध्यमाबाट नीति निर्माण गर्ने व्यवस्था IEMIS प्रशिक्षण कार्यक्रम मार्फत मिलाएको छु । यस कामका लागि **रु. २ लाख** विनियोजन गरेको गरेको छु ।

२७. गाउँपालिकाका विभिन्न विद्यालयहरुमा अध्ययनरत किशोरावस्थामा पुगेका विद्यार्थीहरुमा हुने सम्वेगात्मक परिवर्तको बारेमा सहज रुपमा व्यवस्थापन गर्न साथी शिक्षा कार्यक्रमको शुरुवात गर्ने व्यवस्था मिलाएको छु । यसका लागि **रु. २ लाख**बजेट विनियोजन गरेको छु ।

२८. विद्यालयहरुमा देखिएका समस्याहरुको गहिरो रुपमा विश्लेषण गरी समस्या समाधान गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि नियमित विद्यालय अनुगमन, निरिक्षण तथा सुपरिवेक्षणगर्ने कार्यको लागि रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. १ लाख** बजेट विनियोजन गरेको छु ।

२९. कञ्चन ४ मा रहेको शिवशक्ति आधारभूत विद्यालयको लागि शैक्षिक सहायता उपलब्ध गराउने व्यवस्था मिलाएको छु । वडा नं. ५ का विपन्न बालबालिकाका लागि शैक्षिक सामाग्रिहरु वितरण गर्न रकम विनियोजन गरेको छु । यी कार्यहरुका लागि **२ लाख ५० हजार** विनियोजन गरेको छु ।

३०. शिक्षा दिवस सञ्चालन तथा विभिन्न विद्यालय, विश्वविद्यालय र क्याम्पसहरुमा अध्ययन गर्ने विद्यार्थीहरुको मनोवल उच्च राखी अध्यनमा प्रोत्साहन गर्न छात्रवृत्तिका कार्यक्रमहरुलाई निरन्तरता दिएको छु । यस कार्यका लागि **रु. ६ लाख** विनियोजन गरेको छु । यसै गरी लुम्बिनी ज्ञान निकेतन विद्यालयमा विज्ञान संकायमा अध्ययन गर्ने गरिव तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

३१. विद्यार्थीहरुको अध्ययनको दायरालाई फराकिलो बनाउन हरैया मा.वि.मा निर्माण भएको पुस्तकालय भवनको संरचना सुधार गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यस कार्यका लागि **रु. १० लाख** बजेट विनियोजन गरेको छु ।

३२. गाउँपालिकाको विभिन्न विद्यालयमा कार्यरत प्रारम्भिक बालविकास केन्द्रका शिक्षिकाहरुलाई नेपाल सरकारले उपलब्ध गराउने मासिक रु. ८ हजारमा रु.

३२०० थप गरी  मासिक रु. ११ हजार २ सय पुर्याएको छु, विद्यालय कर्मचारीहरुलाई पहिला उपलब्ध गराउँदै रकममा रु. २७०० थप गरी मासिक रु. १६ हजार २ सय पुर्याएको छु र विद्यालयमा कार्यरत कार्यालय सहयोगिहरुका लागि पहिला उलब्ध गराउँदै आएको रकम मा रु. २८५० थप गरी जम्मा रु. १२ हजार ३ सय ५० पुर्याएको छु ।यस कार्यका लागि **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

३३. यसरी शिक्षा तर्फ **रु. २ करोड ६ लाख ५०** हजार विनियोजन गरेको छु ।

**स्वास्थ्य**

३४. कञ्चन  गाउँपालिका भित्र रहेका ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचारको माध्यमबाट गाउँपालिकासँग परिचित गराउने आवश्यक व्यवस्था मिलाएको छ । यस कार्यका लागि जेष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम मार्फत कार्यान्वयन गर्ने व्यवस्थाको लागि **रु.२ लाख** रकम विनयोजन गरेको छु ।

३५. गाउँपालिकाका जनताहरुलाई आफ्नो स्वास्थ्यको चासो राख्न तथा समय समयमा स्वास्थ्य उपचार गर्ने परिपाटीको विकास गर्ने वातावरण सिर्जना गर्ने गाउँपालिकाका विभिन्न स्थानहरुमा स्वास्थ्य शिविर सञ्चालन   गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

३६. कुपोषित बच्चाहरुको पहिचान गरी पोषण सुधार गर्न गाउँपालिकामा रहेका कुपोषित बच्चाहरुको बार्षिक रुपमा स्क्रिनिङ गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

३७. गाउँपालिका भित्र रहेका सुत्केरी आमाहरुको स्वास्थ्य अवस्था सुधार तथा पोषण सुधार मार्फत आमा र बच्चाको जिवन रक्षा गर्नका लागि **सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम** मार्फत कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि रु. ६ लाख रकम विनियोजन गरेको छु ।

३८. गाउँपालिका बासीलाई योगको महत्व तथा फाइदाहरुको बारेमा जानकारी गराई योग, ध्यान र आध्यात्मिक चिन्तनको विकास गर्न गाउँपालिकाका विभिन्न स्थानमा योग शिविर सञ्चालन   गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

३९. युवा तथा किशोर किशोरीलाई लागू औषध दुर्व्यसनीको कुलतबाट टाढा राख्न विभिन्न प्रकारका प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

४०. कञ्चन गाउँपालिका वडा नं. १ को स्वास्थ्य क्षेत्र तर्फ **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

४१. गाउँपालिकाबाट निशुल्क वितरण गरिने विभिन्न प्रकारका औषधीहरु खरिद गरी गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा उपचारका लागि आउने विरामीहरुलाई वितरण गर्ने औषधी खरिद गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

४२. सामूदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्यसम्पादनको उच्च सम्मान गर्दै गाउँपालिकाबाट बिदाइ हुने महिला स्वास्थ्य स्वयं सेवाकाहरुलाई सम्मान जनक विदाइ गर्ने व्यवस्था मिलाएको छु । यसका लागि प्रत्येक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाइ संघीय सरकारले उपलब्ध गराउने रकम मा **रु. ३० हजारका** दरले रकम थप गरी बिदाइ गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १ लाख ५०** हजार रकम विनियोजन गरेको छु ।

४३. सामूदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुको कार्यलाई थप प्रभावकारी बनाउने सबै महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउँदै आएका खाजा खर्चलाई निरन्तरता दिएको छु । सामूदायिक महिला स्वास्थ्य स्वयं सेविकालाई उपलब्ध गराउँदै आएको यातायात सुविधामा रु. १ हजारका दरले थप गरी वार्षिक रु. ३ हजार पुर्याउने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १ लाख ८० हजार** रकम विनियोजन गरेको छु ।

४४. गाउँपालिका भित्रका ग वर्गको अपाङ्गता भएका व्यक्तिहरुलाई उचित सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउन **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

४५. यस गाउँपालिकाको विभिन्न स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउँदै आएको करार सेवा शुल्कमा वृद्धि गरेको छु । यस कार्यका लागि स्वास्थ्य सेवाको सहायक स्तर पाचौं पदमा काम गर्ने स्वास्थ्य कर्मीलाई मासिक रु. २१ हजार र स्वास्थ्य सेवाको सहायक स्तर

चौंथो पदमा काम गर्ने स्वास्थ्य कर्मीलाई मासिक रु. २० हजार उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

४६. सेतो गुराँस बालविकास सेवा, रुपन्देहीले सुआहारा दोस्रो कार्यक्रम अन्तर्गत सञ्चालन गर्ने एकीकृत पोषण कार्यक्रमका लागि **रु.१२ लाख ४३** हजार रकम सुआहारा मार्फत प्रासत हुने र सोही बमोजिम खर्च गर्ने व्यवस्था मिलाएको छु।

४७. यसरी स्वास्थ्य क्षेत्रको लागि **कुल रु. ६६ लाख ६० हजार** रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

४८. अब म खानेपानी तथा सरसफाई तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तु गर्न चाहन्छु ।

**खानेपानी तथा सरसफाई**

४९. गाउँपालिकाको सबै क्षेत्रमा स्वस्थ्य खानेपानीको सुविधा उपलब्ध गराई यस वर्षलाई स्वस्थ्य खानेपानी वर्षको रुपमा पहिचान गराउन सबैको घरमा धारा जडान गरी प्रदेश सरकारसँगको सहकार्यमा खानेपानी तथा सरसफाई स्वच्छता योजनाको आधारमा खानेपानी सेवा विस्तार गर्ने व्यवस्था मिलाएको छु । धारा जडान गर्न नसक्ने विपन्न परिवारका घरमा धारा जडानगर्ने व्यवस्था मिलाउन **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

५०. गाउँपालिकाको वडा नं. १ मा खानेपानी तथा सरसफाइको लागि रु. ५० हजार र गाउँपालिकाको विभिन्न स्थानमा सरसफाईका विभिन्न संरचना निर्माण गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. १० लाख ५० हजार**रकम विनियोजन गरेको छु ।

५१. यसै गरी वडा नं. १ को दुर्गा मा.वि. को शाखा भवन शौचालय निर्माण गर्ने कार्यका लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

५२. गाउँपालिकाको वडा नम्बर ३ को शिवशक्ति आमा समुह भवनमा चर्पी र वायरिङ्ग गर्न **रु. ४ लाख** रकम विनियोजन गरेको छु ।

५३. गाउँपालिका भित्रका विभिन्न सरसफाई संचनाहरु निर्माण गरी गाउँपालिका बासीलाई स्वच्छ वातावरणमा बस्ने वातावरण मिलाउन आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु.१० लाख** रकम विनियोजन गरेको छु ।

५४. गाउँपालिकाको वडा नं. २ मा रहेको तरायगढ सामुदायिक भवनमा शौचालय निर्माण खानेपानी र रङ्गरोगन गर्ने कार्यका लागि **रु.२ लाख** रकम विनियोजन गरेको छु ।

५५. यसरी खानेपानी तथा सरसफाई तर्फ **रु.२५ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

## संस्कृति प्रबर्द्धन

५६. कञ्चन गाउँपालिका भित्र रहेका विभिन्न प्रकारका मठ मन्दिर निर्माण तथा यहाँ प्रचलनमा रहेका साँस्कृतिक तथा धार्मिक कार्यक्रमहरुको संरक्षण तथा प्रबर्द्धन गर्न, वडा नं. १ मा विभिन्न संस्कृति संरक्षण गर्न, मटेरीयाको दुर्गा मन्दिरको अधुरो कार्य सम्पन्न गर्ने, वडा नं. ३ मा दुर्गा मन्दिरमा टायल लगाउने, चौरी भगवती मन्दिरमा वाल निर्माण गर्ने, वडा नं. ४ को रुद्रेश्वर मन्दिर निर्माण, सरकारी बोरिङ्ग परिसरमा गेट निर्माण, बागेश्वरी मन्दिर निर्माण, साँसकृतिक तथा धार्मिक प्रबर्द्धन तथा सम्मान कार्यक्रम र वडा नं. ५ मा ॐ श्रान्तेश्वर महादेव मन्दिर निर्माण, शान्ति चोकको शिवालय मन्दिर निर्माण, दक्षिण भैसाही डिउहार निर्माण, विभिन्न प्रकारका धर्म संसकृति संरक्षण तथा दुर्गा मन्दिर डाँडा लाईन मन्दिर कम्पाउण्ड वाल निर्माण जस्ता कार्यक्रमहरुको व्यवस्था मिलाएको छु । यस कार्यका लागि जम्मा **रु. २० लाख ३० हजार** रकम विनियोजन गरेको छु ।

५७. गाउँपालिका भित्र हुने विभिन्न प्रकारका धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरी धर्म र सँस्कृतिलाई प्रबर्द्धन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५ लाख** विनियोजन गरेको छु ।

## खेलकुद तथा मनोरञ्जन

५८. खेलकुदका विभिन्न कार्यक्रमबाट गाउँपालिका बासीलाई स्वस्थ र तन्दुरुस्त राख्न खेलकुदका विभिन्न आवश्यक संरचना निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

५९. वडा नं. १ मा युवा तथा खेलकुदका कार्य, वडा नं. २ मा वडा स्तरीय युवा क्लब खेलकुद सामाग्री खरिद, वडा नं. ३ मा खेलकुद कार्यक्रम तथा खेलकुद समाग्रि खरिद, वडा नं. ४ मा खेलकुद समाग्री खरिद तथा प्रशिक्षण र भैरवघाट बाला चतुर्दशी मेलामा खेल व्यवस्थापन र वडा नं. ५ मा खेलकुद कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनयोजन गरेको छु । यस कार्यका लागि **रु. ७ लाख** रकम विनियोजन गरेको छु ।

६०. गाउँपालिका भित्र खेलकुदका कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न खेलकुदका कार्यक्रम तथा खेलकुद सामाग्रीहरु उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यसका लागि **रु १० लाख** विनियोजन गरेको छु ।

६१. गाउँपालिकामा रहेका खेलाडीहरुलाई खेल प्रति जागरुक गराउन तथा खेलमा दक्ष बनाउन **अध्यक्षकप खेलकुद प्रतियोगिता** सञ्चालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइको छु । यस कार्यक्रमको लागि **रु. ५ लाख** रकम विनयोजन गरेकोछु ।

६२. गाउँपालिकामा युवा महिलाहरुलाई भलिवल प्रतियोगिता मार्फत आफ्नो खेल प्रदर्शन गर्ने अवसर दिन **उपाध्यक्षकप महिला भलिवल प्रतियोगिता** सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यसको लागि **रु. २ लाख ५० हजार**रकम विनियोजन गरेको छु ।

६३. गाउँपालिकाको वडा नम्बर ३ मा निर्माणाधिन धमिना ताल खेल मैदानलाई संघीय सरकार सँगको सहकार्यमा पूर्बाधार विकास गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि संघीय सरकारसँग लागत सहभागिता जनाउन **रु. १० लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

६४. गाउँपालिका भित्रका विभिन्न खेलाडीहरुको पहिचान तथा खेलकुदको माध्यमबाट युवा वर्गमा सकारात्मक कार्यक्रमहरु सञ्चालन गर्ने कार्यको विकास गर्न गाउँपालिकामा विभिन्न खेलकुदका कार्यक्रमहरु आयोजना गर्न तथा खेल सामाग्रि खरिदका लागि **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

६५. यसरी खेलकुद तथा मनोरञ्जन तर्फ कुल **रु. ५० लाख** विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**सभाका सभाध्यक्ष महोदय,**

६६. अब म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत विनियोजन भएको रकमको बारेमा रकम विनियोजन गर्न चाहान्छु ।

६७. यस शिर्षक अन्तर्गत वडा नम्बर १ मा अपाङ्ग पुनर्स्थापना, वडा नं. १ को कञ्चन दलित जागरण संस्था, वडा नं. २ मा आमा समूहलाई भाँडा वितरण, नमूना आमा समूहका लागि भाँडा तथा फर्निचर वितरण, विपन्न दलित सिमान्तकृत असाह्य अपाङ्ग, एकल महिलाहरुलाई तालिम तथा समाग्री वितरण, वडा नं. ४ मा न्यू सिर्जनशील आमा समूहलाई भाडा वितरण, महिला शसक्तिकरणका विभिन्न कार्यक्रमहरु, दलित लक्षित विभिन्न कार्यक्रमहरु, फरक क्षमता भएका व्यक्तिका लागि आय-आर्जन मूलक कार्यक्रमहरु सञ्चालन , वडा नं. ५ मा अपाङ्गताका लागि सहायक सामाग्रीहरु वितरण दलित लक्षित कार्यक्रमहरु संचालन जस्ता कामका माध्यमबाट लैङ्गिक समानता तथा समाजिक समावेशीकरणलाई बढावा दिने व्यवस्था मिलाएको छु । यस कार्यका लागि जम्मा **रु. १५ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

६८. यसरी सम्पूर्ण सामाजिक विकास क्षेत्रको लागि जम्मा **रु.३ करोड ३३ लाख**रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

६९. अब म आर्थिक विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

७०. कञ्चन का युवाहरुलाई विभिन्न प्रकारका इलमहरु गरी गाउँपालिका भित्र रोजगारी सिर्जना गर्न प्रोत्साहन गर्ने व्यवस्था **अध्यक्षसँग युवा इलम कार्यक्रम** मार्फत मिलाएको छु । यस कार्यक्रममा आफ्नो व्यवसायलाई विस्तार र प्रविधि मैत्री बनाउन चाहाने युवाहरुलाई गाउँपालिकासँग आवद्ध गराउन **रु. २५ लाख** रकम विनियोजन गरेको छु ।

**कृषि तथा पशु क्षेत्रका कार्यक्रमहरु**

७१. कृषि तथा पशु क्षेत्रका कार्यक्रमबाट गाउँपालिकालाई आर्थिक समृद्धिको बाटोमा अँगाडी बढाउन गाउँपालिकाको वडा नं. ५ मा गहुँको विउ वितरण र अन्य गाउँपालिकाका विभिन्न वडाहरुमा समेत प्रत्येक वडामा रु. ३ लाख

कादरले गहुँको विउ वितरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १५ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

७२. कृषिको उत्पादनमा मेशिनरी औजारहरुको प्रयोग गरी उत्पादनलाई वृद्धि गर्न कृषिका विभिन्न औजारहरु खरिद गरी वितरण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ४० लाख** रकम विनियोजन गरेको छु ।

७३. कृषिको क्षेत्रमा कृषकको रोजाइ वृद्धि गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ८ लाख** रकम विनियोजन गरेको छु ।

७४. कृषिमा सूर्यमुखी विशेष तेलहन विकास कार्यक्रम, ५० प्रतिशत अनुदानमा च्याउ विउ वितरण, तरकारी खेति गर्ने कृषकहरुका लागि मल्चिङ्ग प्लाष्टिक तथा थोपा सिंचाई एवम् विउविजन सहयोग कार्यक्रम, हिँउदे नर्सरी स्थापना कार्यक्रम, बेमौसमी तरकारी विउ वितरण कार्यक्रम, मौसमी तरकारी विउ वितरण कार्यक्रम, कृषि शाखा व्यवस्थापन एवम् प्रदर्शनी क्षमता विस्तार कार्यक्रम नविनतम प्रविधिमा आधारित वडा स्तरीय तालिम, बर्षे तथा हिउँदे बालिको लागि औषधी विषादी भिटामिन खरिद, कृषि डायरी २०७९ प्रकाशन, पम्पलेट एवम् जनचेतनामूलक सामाग्री प्रकाशन, पाला (डढुवा) को विषादी वितरण कार्यक्रम, कृषि यन्त्रहरुको मर्मत तालिम, माटो सुधारको लागि जिंक वितरण, जनप्रतिनिधि एवम् कर्मचारीबाट समग्र कृषि कार्यक्रमको अनुगमन निरिक्षण एवम् अवलोकन कार्यक्रम र आकस्मिकबालि संरक्षण सेवा जस्ता कार्यक्रम तथा तालिमहरु सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि जम्मा **रु. ३४ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

७५. रसायनिक मल प्रयोग गरी उत्पादित कृषि उपजबाट गाउँपालिका बासीमा पर्न सक्ने गम्भिर रोगहरुको संक्रमण नियन्त्रण गर्न गाउँपालिका भित्र जैविक मल उत्पादन गर्न ईच्छुक कृषक लाई जैविक मलमा अनुदान दिने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

७६. पशु विकासको माध्यमबाट पशु आहारामा सुधार गरी पशु जन्य उत्पादनलाई वृद्धि गर्न घाँसको विउ वितरण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

७७. पशु सेवालाई व्यवस्थित बनाउन पशुमा लाग्ने रोगको अनुसन्धान गर्न प्रयोगशाला व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु १ लाख** रकम विनियोजन गरेको छु ।

७८. पशु पालनमा कृषकहरुको आकर्षण बढाउन तथा यस व्यवसायमा लागेका कृषकहरुलाई पशु उत्पादन तथा यस को क्षेत्रमा घट्न सक्ने अप्रत्याशित घटनाबाट पशु क्षतिको क्षतिपूर्ति विमा मार्फत गर्ने व्यवस्था मिलाएको छु । आफ्ना पशुहरुको विमा गराई पशु पालन व्यवसाय गरेका कृषिकहरुलाई कृषकले तिरेको रकमको ५० प्रतिशत विमा रकम गाउँपालिकाले अनुदान दिने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ७ लाख रकम** विनियोजन गरेको छु ।

७९. गाउँपालिका भित्र उत्पादन हुने दुधलाई व्यवस्थित तरिकाले बिक्रि वितरण गर्ने व्यवस्था मिलाउन सहकारी मार्फत दुध वितरण गर्ने कृषकहरुलाई प्रति लिटर २ रुपैयाँका दरले अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.३२ लाख** रकम विनियोजन गरेको छु ।

८०. पशु क्षेत्रमा प्रयोग हुने विभिन्न प्रकारका मेशिनरी औजारहरुको वितरण गरी कृषकलाई पशुपालनमा सहजिकरण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.२० लाख** रकम विनियोजन गरेको छु ।

८१. गाउँपालिका भित्र पशुधन तथा बागबानी विकास गर्ने गरी विभिन्न प्रकारका कार्यक्रमहरु गर्ने आवश्यक व्यवस्था मिलाएको छु यस कार्यका लागि **रु.१० लाख** रकम विनियोजन गरेको छु ।

८२. यसरी कृषि तथा पशु क्षेत्र तर्फ **रु.२ करोड ८ लाख** रकम विनियोजन गरेको छु ।

## पर्यटन विकास कार्यक्रम

८३. गाउँपालिकाको वडा नम्बर ४ मा रहेका विभिन्न प्रकारका पर्यटकीय स्थलहरुको प्रचार प्रशार गरी पर्यटन विकास गर्न तथा दानापुर तालको पर्यटन पूर्वाधार निर्माण गरी पर्यटकको आकर्षण वृद्धि गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.६ लाख** रकम विनियोजन गरेको छु ।

## सहकारी

८४. गाउँपालिका भित्र रहेका सहकारीहरुको क्षमता विकास तथा सहकारीहरुलाई आवश्यक पर्ने विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.५ लाख** रकम विनयोजन गरेको छु ।

८५. कञ्चन गाउँपालिका भित्रका सहकारीहरुलाई प्रोत्साहन अनुदान सहायता दिने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.५ लाख** रकम विनियोजन गरेको छु ।

८६. वडा नं. १ मा रहेको साना किसान सहकारी संस्थाको क्षेमता वृद्धि गर्न रु.**५० हजार** रकम विनियोजन गरेको छु ।

८७. यसरी सम्पूर्ण आर्थिक विकास क्षेत्रको लागि जम्मा **रु.२ करोड २४ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

८८. अव म पूर्वाधार विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकास

### स्थानीय सडक तथा पुल

८९. आर्थिक वर्ष २०७८/७९ मा संघीय सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस कामका लागि गाउँपालिकाको वडा नं. ३ को हर्नाचौर देखि जनचाहाना चोकसम्म सडक कालोपत्रे गर्ने व्यवस्था मिलाएको छु । यस कामका लागि संघीय सरकार बाट ६२ लाख गाउँपालिकाबाट ४७ लाख र जनसहभागिताबाट १५ लाख रकम लागत सहभागिता हुने जरी जम्मा **रु.१ करोड २४ लाख** रकम विनियोजन गरेको छु ।

९०. आर्थिक वर्ष २०७८/७९मा लुम्बिनी प्रदेश सरकारसँगको समपुरक अनुदानमा योजना कार्यान्वयन गर्ने गरी रकम विनियोजन गरेको छु । यस अन्तर्गत वडा नं. १ को शुशिलनगर कालोपत्रे सडकदेखि सुन्दरनगर कालोपत्रेसम्म सडक कालोपत्रे, वडा नं. २ को बगही कालोपत्रेदेखि बजबजाह दयानगर सम्मको सडक कालोपत्रे, वडा नं. ३ को सौंगा चोकदेखि सुपा देउराली मन्दिरसम्म

सडक कालोपत्रे, वडा नं. ४ को गुम्बादेखि सामूदायिक हुँदै तुल्सीघाट सडक कालोपत्रे, वडा नं. ५ को हरिचोक देखि सरस्वती मा.वि.को पछाडि चोकसम्म सडक कालोपत्रे र दानापुर खेल मैदानबाट दिव्यै टोल हुँदै बेलडाँडा जोड्ने सडक कालोपत्रे सडकहरु छनौट गरी कालो पत्रे गर्ने व्यवस्था मिलाएको छु । प्रस्तुत सबै सडकहरुलाई प्रदेश सरकारबाट प्रत्येक सडकको लागि २५ लाखका दरले १ करोड ५० लाख, गाउँपालिकाबाट प्रत्येक सडकको लागि रु. २० लाखका दरले १ करोड २० लाख र जनसहभागिता प्रत्येक सडकको लागि रु. ५ लाखका दरले ३० लाख रकम विनियोजन गरी जम्मा **रु. ३ करोड रकम** विनियोजन गरेको छु ।

९१. वडा नम्बर १ मा रहेका विभिन्न सडकहरु ग्राभेल गरी स्तरउन्नती गर्ने कार्यका लागि रकम विनियोजन गरेको छु । एकतानगर शिवालय मन्दिर पथ हेभि ग्रभेल, सिर्जनशिल अधुरो सडक ग्राभेल, गन्दर्भ टोल सडक ग्राभेल गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यस कार्यका लागि प्रत्येक सडकहरुलाई रु.१ लाख ५० हजारका दरले रकम विनियोजन गरी जम्मा **रु. ४ लाख ५०** हजार रकम विनियोजन गरेको छु ।

९२. वडा नं. २ को एकान्तनगर पथ हेभि ग्राभेल गर्न रु.**२ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

९३. वडा नं. १ मा पर्ने धैलागिरी पथ सडक ग्राभेल गर्न **रु.३ लाख** रकम विनियोजन गरेको छु ।

९४. दानापुर ताल देखि समयमाई मन्दिर जोड्न सडक ग्राभेल गर्न रु.२ लाख रकम विनियोजन गरेको छु ।

९५. वडा नं. १ मा दुर्गा मा.वि. गेट देखि बोहोरा टोल सम्म सडक ग्राभेल, रुमाले चोक सडक ग्राभेल, खैरहवा डाँडा देखि पिपलनेटा जोड्ने सडक ग्राभेल, बकुलागढ कालोपत्रे देखि कञ्चन बँगुर फार सम्म जोड्ने सडक ग्राभेल, कुटीटोल पथ अधुरो सडक ग्राभेल, भगवानपुर पथ सडक ग्राभेल, कुचेरा जाने कालोपत्रे देखि तल्लो शुशिलनगर जोड्ने नयाँ सडक ग्राभेल, नमुना सामुदायिक टोल जाने सडक ग्राभेल, रामनगर कालोपत्रे देखि च्याउ फारम जोड्ने अधुरो सडक ग्राभेल गर्ने व्यवस्था मिलाएको छु । प्रस्तुत सडकहरुमा प्रत्येक सडक मा रु.१ लाखका दरले जम्मा **रु.१० लाख** रकम विनियोजन गरेको छु ।

९६. वडा नं. १ को प्रतिक्षा युवा क्लव भवन देखि वंशराज टोलसम्म सडक ग्राभेल र तल्लो सुशिलनगर शाखा सडक ग्राभेल गर्ने व्यवस्था प्रत्येक सडकको लागि रु. ५० हजारका दरले रकम विनियोजन गरी जम्मा **रु.१ लाख** रकम विनयोजन गरेको छु ।

९७. गाउँपालिकाको वडा नम्बर २ अन्तर्गत विजयनगर कालोपत्रेदेखि गोरेटो सडक ग्राभेल गर्ने कार्यका लागि **रु.३ लाख** विनियोजन गरेको छु ।

९८. वडा नं. २ को रमेश ज्ञवालीको घर देखि पुर्वतर्फ जाने गैडहवा सिमा सम्म सडक ग्राभेल र बसन्त फुलबारी आमा समुहको भवनदेखि गोरख बोहराको घरसम्म सडक ग्राभेल गर्ने कार्यको लागि प्रत्येक सडकको लागि रु. १ लाख ५० हजारका दरले **रु.३ लाख** रकम विनियोजन गरेको छु ।

९९. वडा नं. २ मै बगही दक्षिण मसिना सम्मको सडक ग्राभेल र नमान सिंहको घरदेखि सोमनाथको घरसम्म सडक ग्राभेल गर्ने कार्यका लागि प्रत्येक सडकको लागि रु. २ लाखका दरले **रु.४ लाख** रकम विनियोजन गरेको छु ।

१००. गाउँपालिकाको वडा नं. २ मा पर्ने विजयनगर शिवालय मन्दिरदेखि उत्तर तर्फ जाने सडक ग्राभेल, गौरी डाँडा रजाली टोल सडक ग्राभेल र गजेडी मा.वि. देखि पूर्वतर्फ जाने सडक ग्राभेल गर्ने प्रत्येक सडकको लागि रु. १ लाख का दरले **रु.३ लाख** रकम विनियोजन गरेको छु ।

१०१. वडा नं. ३ को विभिन्न सडकहरुमा ह्युम पाइप राखी सडक सतरउन्नती गर्ने कार्यका लागि **रु.३ लाख** रकम विनियोजन गरेको छु ।

१०२. गाउँपालिकाको वडा नं. ३ का अन्य भित्री सडकहरुलाई स्तरउन्नती गरी सहज रुपमा यातायातको पहुँच पुर्याउन वडाको टुल्लुको घर हुँदै मनुको घर सम्म सडक ग्राभेल, गोविन्दको फर्निचर देखि लखनचोक जाने सडक ग्राभेल, डिकेको घर देखि गैडहवा जाने सडक ग्राभेल, साईपुरे टोलको कल्भर्ट देखि सुपा देउराली मन्दिर सम्म सडक ग्राभेल, बाटुले टोलबाट लक्ष्मुको घर सम्म सडक ग्राभेल, घोला पारी टी जैसीको घर देखि कोठी सम्म सडक ग्राभेल, भक्ति सरको घर देखि सिताको घरसम्म सडक ग्राभेल, कुवर टोल जाने सडक ग्राभेल, मुन्द्रे टोलबाट शिवको घरसम्म सडक ग्राभेल र रायबहादुर टोल सडक ग्राभेल गर्ने कार्यको व्यवस्था मिलाएको छु । यस कार्यका लागि प्रस्तुत

प्रत्येक सडकको लागि रु. १ लाखका दरले जम्मा **रु.१० लाख** रकम विनियोजन गरेको छु ।

१०३. वडा नं. ३ मै मलावर मन्दिर जाने सडक ग्राभेल र मोहराजको घर अगाडी सडक ग्राभेल गर्ने कार्यको लागि प्रत्येक सडकलाई रु. ५० हजारका दरले रकम विनियोजन गरी **रु.१ लाख** रकम विनियोजन गरेको छु ।

१०४. कञ्चन  गाउँपालिकाको वडा नं. ४ का विभिन्न सडकहरु ग्राभेल गरी स्तरउन्नती गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि वडा नं. ४ को के.सी. चोक देखि बागेश्वरी टोल जोड्ने सडक ग्राभेल गर्न **रु. १ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१०५. वडा नं. ४ को छपाली चोक देखि उत्तर प्रगति टोल जोड्ने सडक ग्राभेल र अस्नैया चोक देखि विरेन्द्र चोक जाने सडक ग्राभेल गरी स्तरउन्नती गर्ने कार्यका लागि माथिका प्रत्येक सडकहरुलाई रु. १ लाख २० हजारका दरले रकम विनियोजन गरी **रु.२ लाख ४० हजार** रकम विनियोजन गरेको छु ।

१०६. गाउँपालिकाको वडा नं. ४ का अन्य सडकहरु ग्राभेल गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि वडा नं. ४ को पुरानो बाँध देखि रुद्रपुर कालोपत्रे सडक सम्म जाने उत्तरको सडक ग्राभेल, विरेन्द्र चोक गाउँभित्र सडक ग्राभेल, शाही चोक देखि शान्तिदीप चोक सम्म सडक ग्राभेल, सुखौरा चोक देखि वनकसिया गाउँ जोड्ने सडक ग्राभेल थकाली चोक देखि उत्तर मिलनचोक पूर्व शिव मन्दिर जाने सडक ग्राभेल, बुद्धनगर चोक देखि पूर्व वस्ती सम्म सडक ग्राभेल, जसेखर्क चोकदेखि पूर्व ढावा जाने सडक ग्राभेल, मिलनचोक देखि सुनगाभा शान्तीपार्क जाने सडक ग्राभेल, मिलन चोकदेखि सुनगाभा शान्तीपार्क जाने बाटोमा कल्भर्ट निर्माण, क्षेत्री टोलको पूर्व प्युठाने टोलमा कल्भर्ट निर्माण र वेलडाँडा देखि चापा जोड्ने बाटोमा कल्भर्ट निर्माण गर्ने योजनाहरु छनोट गरी प्रत्येक योजनाको लागि रु. १ लाखका दरले रकम विनियोजन गरी **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१०७. कञ्चन  गाउँपालिका वडा नं. ५ मा सडक सञ्जालको विस्तार गरी स्तरउन्नती गर्न यस वडाको विभिन्न स्थामा ह्युमपाइप राख्ने, पिपरीचापा फायरलाईन प्रतिक्षालय देखि महिला सामुदायिक आउने बाँकी सडक ग्राभेल, दक्षिण भैसाही प्रतिक्षालय चोक देखि पश्चिम कपिलवस्तु जाने सडक ग्राभेल, स्वास्थ्य चौकी देखि पश्चिम जाने सडक ग्राभेल, बुद्धदीप चोक देखि दक्षिण जाने सडक

स्तरउन्नती र जनकको घरदेखि देउराली बर्गदवा जाने सडक स्तरउन्ननी जस्ता योजनाहरु छनोट गरी प्रत्येक योजनाको लागि रु. १ लाख ५० हजारका दरले रकम विनियोजन गरी कुल **रु.९ लाख** रकम विनियोजन गरेको छु ।

१०८. कञ्चन गाउँपालिकाको वडा नं. ५ मै रीगाली टोलमा सडक विस्तार, रामदाम चोक देखि उत्तर तर्फ जाने सडक ग्राभेल, फिसल्याण्ड देखि शान्ति पथ जोड्ने सडक स्तरउन्नती गर्न प्रत्येक योजनाको लागि रु. १ लाखका दरले रकम विनियोजन गरी **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

१०९. वडा नं. ५ मा रहेको सरस्वती मा.वि. देखि पश्चिम तर्फ जाने सडक ग्राभेल गरी स्तरउन्नती गर्न **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

११०. गाउँपालिकाको विभिन्न ठाउँमा रहेका सडकहरुलाई कालोपत्रे मार्फत स्तरउन्नती गर्ने कार्यका लागि वडा नं. १ को कुचेरा चोक देखि कुटी टोल हुँदै गजेडी जोड्ने सडक कालोपत्रे गर्ने कार्यक्रम राखेको छु । यस कार्यका लागि **रु. २० लाख** रकम विनियोजन गरेको छु ।

१११. कञ्चन गाउँपालिका वडा नं. २ मा रहेको मटेरिया सडक देखी गौरी डाँडा आमा समूहको भवन सम्म सडक कालोपत्रे गर्ने कार्यका लागि **रु. १५ लाख** विनियोजन गरी सडक स्तरउन्नती गर्ने कार्यक्रम राखेको छु ।

११२. गाउँपालिकाको वडा नं. ३ मा रहेको हरैया प्रतिक्षालय देखि बरङ्गे टोल सम्म सडक कालो पत्रे गर्ने कार्यका लागि **रु. १५ लाख** रकम विनियोजन गरेको छु ।

११३. कञ्चन गाउँपालिका वडा नं. ३ मा रहेको गगन पथ सडक कालोपत्रे गर्न **रु. १५ लाख रकम** विनियोजन गरेको छु ।

११४. वडा नं. ४ को म्यागदी चोक देखि क्षेत्री टोल सम्म सडक कालोपत्रे गर्ने कार्यका लागि **रु. ३० लाख रकम** विनियोजन गरी सडक आवतजावतलाई सहज बनाउने व्यवस्था मिलाएको छु ।

११५. गाउँपालिकाको विभिन्न ठाउँमा ह्युम पाइप राखी सडक पूर्वाधारलाई स्तरउन्नती गर्न ह्युम पाइप खरिद गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

११६. गाउँपालिकाको विभिन्न ठाउँमा कल्भर्ट निर्माण गरी यातायात सेवालाई सुधार गर्न रु. १५ लाख रकम विनियोजन गरेको छु । यसैगरी वडा नं. १ को शिवालय मन्दिर देखि वेलभरिया जाने बाटोमा कल्भर्ट निर्माण र शान्तिनगर देखि गौढी जाने घोलमा कल्भर्ट निर्माण गर्न प्रत्येक योजनाको लागि **रु. ३ लाख** रकम विनियोजन गरी रु. ६ लाख रकम विनियोजन गरेको छु ।

११७. यसरी सडक तथा पुल क्षेत्र तर्फ **रु. २ करोड २४ लाख ४० हजार** रकम विनियोजन गरेको छु ।

**सिँचाई**

११८. सिंचाइ सुविधाको व्यवस्था गरी कृषि तथा वेमौसमी खेती गर्न वडा नम्बर १ को लौसा दुर्गा मन्दिर नजिकै स्यालो ट्युवेलमा सिंचाईको लागि विद्युतीय मोटर जडान, मुदैया टोल स्यालो ट्युवेलमा सिंचाईको लागि विद्युतिय मोटर जडान गर्न दुवै योजनाको लागि रु. १ लाखका दरले **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

११९. वडा नं. २ को विभिन्न स्थानमा स्यालो ट्युवेल जडान तथा पम्पसेट खरिद गरी सिंचाइ सुविधा विस्तार र व्यवस्थापन गर्न **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१२०. गाउँपालिकाको वडा नं. ३ का विभिन्न ठाउँमा सिंचाईको स्यालो ट्युवेल जडान गर्ने कार्यका लागि **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

१२१. वडा नं. ४ भित्र पम्पिङ्ग सेट खरिद तथा स्यालो ट्युवेल निर्माण, वडा भित्र हेण्ड पम्म निर्माण गर्ने कार्यका लागि **रु. ४ लाख ३० हजार** रकम विनियोजन गरेको छु ।

१२२. वडा नं. ५ मा स्यालो ट्युवेल जडान गर्न रु. ५ लाख र प्रगतिशिल डिप ट्युवेल पाईप मर्मत गर्न रु. १ लाख ५० हजार गरी जम्मा **रु. ६ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१२३. गाउँपालिकाको विभिन्न स्थानमा लिफ्ट सिंचाई योजना निर्माण को लागि ५ लाख र सिंचाईका अन्य विभिन्न संरचना निर्माण गरी सिंचाई सुविधा उपलब्ध गराउन रु. ३० लाख विनियोजन गरी जम्मा **रु. ३५ लाख** रकम सिंचाईका संरचना निर्माण गर्न विनियोजन गरेको छु ।

१२४. यसरी सिंचाइ क्षेत्रमा जम्मा **रु. ५६ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

**भवन तथा सहरी विकास**

**सभाध्यक्ष महोदय,**

१२५. अव म गाउँपालिका भित्र रहेका विभिन्न सामूदायिक तथा सरकारी भवनहरु निर्माण गर्ने कार्यको बजेट विनियोजन सम्बन्धी रकम विनियोजन गर्न चाहान्छु ।

१२६. गाउँपालिकाको वडा नम्बर १ मा प्रगति रामनगर आमा समूह ट्रस निर्माण गर्ने र शान्तिनगर बजार टहरो निर्माण गर्ने कार्यका लागि प्रत्येक योजनाको रु. १ लाखका दरले **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

१२७. यसै गरी वडा नं. १ कै लौसा बजार टहरो निर्माण, इन्द्रकमल आमा समूह भवन प्लाष्टर, हात्ति बजार टहरो निर्माण जस्ता योजनाहरु छनोट गरी प्रत्येक योजनाको लागि रु. १ लाखका दरले जम्मा **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

१२८. गाउँपालिकाको वडा नम्बर २ मा रहेको पुल चोकमा प्रतिक्षालय निर्माण गर्न रु. २ लाख रकम विनियोजन गरेको छु । मटेरिया सामूदायिक भवनमा रङ्गरोगन र फर्निचर व्यवस्थापन कार्यका लागि १ लाख ५० हजार, बसन्त फूलबारी आमा समुहको अधुरो भवन प्लाष्टर र रङ्गरोगन र फर्निचर व्यवस्थापनको लागि ३ लाख र बगही सामाजिक भवनमा बाउण्ड्री वाल लगाउने कामका लागि रु. ४ लाख गरी जम्मा **रु. १० लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१२९. गाउँपालिकाको वडा नं. २ मा विपन्न वर्ग वडास्तरिय कर्कट पाता खरिद गर्ने कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१३०. विभिन्न स्थानमा रहेका भौतिक संरचना मर्मत संभारका लागि **रु. ४ लाख** रकम विनियोजन गरेको छु ।

१३१. गाउँपालिकाको वडा नम्बर ३ को रेडक्रस भवनको सटर निर्माण र ग्रामीण आमा समूहको भवनमा तारबार र माटो पटान गर्ने कार्यका लागि प्रत्येक

योजनाको लागि रु. १ लाखका दरले **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

१३२. वडा नम्बर ४ को सुनगाभा सामुदायिक ग्राउण्ड ढलाई तथा इन्टरलक गर्ने कार्यका लागि रु. १ लाख ५० हजार र दलित वस्तिका भवनमा रङ्गरोगन गर्ने कार्यका लागि रु. १ लाख गरी जम्मा **रु. २ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१३३. वडा नं. ५ को पिपरी चापा विचलाइन चोकमा प्रतिक्षालय निर्माण गर्ने कार्यका लागि **रु. २ लाख** रकम विनियोजन गरेको छु ।

१३४. गाउँपालिकाको सबै वडामा सभाहलको सुविधा उपलब्ध गराउने नीति तथा कार्यक्रम कार्यान्वयन गर्न सभाहल नभएका प्रत्येक वडामा सभाहल निर्माण गर्ने व्यवस्था मिलाएको छु । जस अन्तर्गत वडा नं. १, ३ र ५ मा सभाहल निर्माण गर्न प्रत्येक वडालाई रु. २५ लाखका दरले **रु. ७५ लाख** रकम विनियोजन गरेको छु ।

१३५. गाउँपालिकाको वडा नम्बर ४ मा फिटनेस हल निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. २५ लाख** रकम विनियोजन गरेको छु ।

१३६. थारु जातिको भेषभुषा र धर्म संस्कृति झल्कने खालका थारु जातिले प्रयोग गर्ने विभिन्न प्रकारका सरसामानहरु राखी थारु संग्रालय निर्माण गर्ने कार्यको सुरुवात गर्न कञ्चन गाउँपालिकाको वडा नं. ५ मा थारु संग्रालय निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. २५ लाख** रकम विनियोजन गरेको छु ।

१३७. कञ्चन गाउँपालिकामा रहेको एक मात्र सञ्चार सँस्थालाई आफ्नै भवनबाट आफ्ना क्रियाकलापहरु सञ्चालन गर्न सहज वातावरण सिर्जना गर्न कञ्चन सामूदायिक सञ्चार संस्थाको भवन निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१३८. गाउँपालिकाको विभिन्न स्थानमा विभिन्न प्रकारका सामूदायिक संस्थाहरुको भवन निर्माण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ६५ लाख** रकम विनियोजन गरेको छु ।

१३९. गाउँपालिकाको नवनिर्मित भवनका विभिन्न संरचनाहरु निर्माण गर्ने कार्यका लागि रकम विनियोजन गरेको छु । यस अन्तर्गत गाउँपालिकाको नवनिर्मित भवनमा गेट तथा अन्य संरचना निर्माण, गाउँपालिकाको नवनिर्मित भवनका झ्यालहरुमा ग्रिलका ढोका निर्माण र गाउँपालिकाको नवनिर्मित भवनमा लिफ्ट जडान गर्ने कार्यका लागि **रु. ९५ लाख** रकम विनियोजन गरेको छु ।

१४०. गाउँपालिकाको वडा नं. २ मा निर्माण हुने कृषि बजार निर्माणको लागि तराई मधेस समृद्धि कार्यक्रम मार्फत रकम विनियोजन गरेको छु । यस कार्यमा गाउँपालिकाको लागत साझेदारी कार्यक्रमको लागि **रु. ३ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१४१. यस गाउँपालिका भित्र रहेका तुल्सीघाट शवदहन स्थल र दानापुर शवदहन घाटलाई व्यवस्थित तरिकाले निर्माण गरी सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाएको छु । यस कार्यका लागि तुल्सीघाट शवदहन स्थलमा छानो निर्माण र दानापुर शवदहन घाट निर्माण गर्ने कार्यका लागि प्रत्येक योजनाको लागि रु. ५ लाखका दरले **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१४२. गाउँपालिका भित्र विभिन्न ठाउँमा उद्यान, पार्क र विश्रामस्थल निर्माण गरी गाउँपालिकालाई पर्यटकिय आकर्षणको केन्द्र बनाउने कार्यका लागि **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१४३. गाउँपालिका भित्र निर्माण भएका विभिन्न संरचनाहरुको मर्मत संभार गरी यी संरचनाहरुलाई सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाएको छु । यस कार्यका यसका लागि वडा नं. १ का लागि रु. १ लाख, वडा नं. २ मा ४ लाख, वडा नं. ३ मा ३ लाख ५० हजार, वडा नं. ४ मा २ लाख ५० हजार, वडा नं. ५ मा ४ लाख र गाउँपालिका भरी रु. २० लाख रकम विनियोजन गरेको छु । यस कार्यका लागि जम्मा **रु. ३५ लाख** रकम विनियोजन गरेको छु ।

## उर्जा लघु तथा साना जलविद्युत

१४४. वडा नम्बर ४ को विभिन्न विद्युतिय संरचनाहरु मर्मत तथा संरचना सुधार गर्न तार पोल र गुडका खरिद तथा मर्मत गर्ने कार्यका लागि रु. १ लाख रकम विनियोजन गरेको छु । यसै गरी वडा नं. ५ मा रहेका विभिन्न विद्युतिय

संरचनाहरुको निर्माण तथा मर्मत गर्न **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

१४५. गाउँपालिकामा विद्युतको सहज आपूर्ति र यसको सेवा सुधार गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. ८ लाख** रकम विनियोजन गरेको छु ।

१४६. यसरी उर्जा तथा विद्युत क्षेत्रमा जम्मा **रु. १० लाख** रकम विनियोजन गरेको छु ।

१४७. गाउँपालिकामा चालु आर्थिक वर्षमा खरिद सम्झौता भै कोरोना भाइरसको दोस्रो भेरियन्टको संक्रमणका कारण रुपन्देही जिल्लामा लागु भएको निषेधाज्ञाको कारण निर्माण सम्पन्न हुन नसकेका योजनाहरुको संघीय सरकारको नियमानुसार म्याद थप गर्ने व्यवस्था मिलाएको छु । यी आयोजनाहरुमा बचत हुने रकम आगामी आर्थिक वर्षमा निर्माण हुने बाकीं कामको भुक्तानी गर्ने गरी व्यवस्था मिलाएको छु ।

१४८. यसरी माथि प्रस्तुत गरिए बमोजिम पूर्वाधारहरुको विकासमा जम्मा **रु. ११ करोड ३४ लाख ३५ हजार** रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

१४९. अव म वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन**

**वन तथा भु-संरक्षण**

१५०. गाउँपालिकाको वडा नं. २ मा रहेको बगही दक्षिण बाँध मर्मत गर्न **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

१५१. गाउँपालिका भित्रका विभिन्न स्थानहरुमा वन तथा वातावरणका विभिन्न क्रियाकलापहरु गरी वातावरणलाई स्वच्छ राखी मानविय स्वास्थ्य सुधार गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

**जलाधार संरक्षण**

१५२. गाउँपालिका भित्रका विभिन्न पानीका मुहान, पोखरी, तथा तालतलैया संरक्षण गरी पानिका श्रोतहरुको दीर्घकालिन सुरक्षा गर्न आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१५३. गाउँपालिकाको वडा नं. २ को गजेडी सोनपोखरीको उत्तर तर्फ वाल लगाउने कार्यका लागि **रु. ३ लाख** रकम विनियोजन गरेको छु ।

### वातावरण संरक्षण जलवायु परिवर्तन

१५४. वडा नम्बर २ को वगही बागबानिमा तारबार गरी बागबानि विकास गर्ने कार्यका लागि रु. ५० हजार र गाउँपालिका भित्र हुने ठूला ठूला निर्माण कार्यबाट वातावरणमा पर्ने प्रभाव अध्ययन गर्न वातावरणीय अध्यय प्रतिवेदन तयार गर्न**रु. २ लाख** रकम विनियोजन गरेको छु ।

### फोहरमैला तथा ढल व्यवस्थापन

१५५. गाउँपालिका भित्र उत्सर्जन हुने फोहोर मैलाको उचित व्यवस्थापन गरी गाउँपालिकालाई सफा सुग्घर राख्ने कार्य गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. ६ लाख** रकम विनियोजन गरेको छु ।

### जलउत्पन्न प्रकोप नियन्त्रण

१५६. वडा नम्बर ३ को संगम टोल पोखरीमा तटबन्ध निर्माण गरी जल उत्पन्न प्रकोपलाई नियन्त्रण गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि रु. २ लाख रकम विनियोजन गरेको छु । यसै वडाको मुक्तिनाथ बैंक पछाडी नालि निर्माण गर्ने कार्यका लागि **रु. १ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१५७. गाउँपालिकाको विभिन्न स्थानमा तटबन्ध निर्माण गरी प्राकृतिक प्रकोपबाट सुरक्षित हुने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१५८. गाउँपालिकाको वडा नं. ५ को वडा कार्यालय नजिक रहेको कुलोमा तटबन्ध निर्माण गरी पानीको सहज व्यवस्थापन गर्ने कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१५९. यसरी जलउत्पन्न प्रकोप नियन्त्रण क्षेत्रमा जम्मा **रु. १३ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन**

१६०. वडा नम्बर १ मा पर्न सक्ने विभिन्न प्रकारका विपद्हरुलाई व्यवस्थापन सम्बन्धि विभिन्न कार्य गर्न **रु ५०हजार** रकम विनियोजन गरेको छु ।

१६१. गाउँपालिका भित्र आइ पर्ने प्राकृतिक तथा दैवी प्रकोपको कारणबाट हुने क्षति कम गर्न तथा भएको क्षति तत्काल राहत उपलब्ध गराउन गाउँपालिकामा विपद् व्यवस्थापन (दैवी प्रकोप उद्दार) कोष निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु । उक्त कोषमा **रु. ५० लाख** जम्मा हुने गरी रकम विनियोजन गरेको छु ।

१६२. गाउँपालिका भित्र विभिन्न कारणले आर्थिक सहायता प्रदान गर्नु पर्ने अवस्था आएका विभिन्न विपन्न वर्गका व्यक्तिहरुलाई तत्काल राहात उपलब्ध गराउने व्यवस्था मिलाउन रकम **रु. १० लाख** विनियोजन गरेको छु ।

१६३. गाउँपालिकाको वडा नं. २ मा वडा स्तरबाट उद्दार राहत तथा पुनःस्थापना गर्ने व्यवस्थाका लागि **रु. १ लाख १० हजार** रकम विनियोजन गरेको छु ।

१६४. गाउँपालिकाको वडा नं. ४ मा आइपर्ने विपद् जन्य घटनालाई कम गरी राहत तथा उद्दार गर्न **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

१६५. वडा नं. ५ मा पर्ने विपद्जन्य घटनाबाट जनतामा पर्न सक्न क्षतिलाई कम गरी विपद् व्यवस्थापन गर्न **रु. १ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

१६६. गाउँपालिका भित्र हुने आगोलागिबाट क्षति कम गर्न छिमेकी स्थानीय तहसँगको सहकार्यमा बारुण यन्त्र सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१६७. यसरी वातावरण तथा विपद् व्यवस्थापन तर्फ जम्मा रु. **४७ लाख १० हजार** रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

१६८. अव म सुशासन तथा संस्थागत विकास तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

## सुशासन तथा संस्थागत विकास

१६९. गाउँपालिका भित्र रहेका विभिन्न प्रकारका सिप विकास, जनचेतना तथा सहकारी सम्बन्धी तालिम गोष्ठी कार्यक्रमहरु सञ्चालन गरी विभिन्न समुदाय तथा संघ सँस्थाहरुको क्षमता विकास गर्ने कार्यकोलागि रकम व्यवस्था गरेको छु । यस कामको लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१७०. आर्थिक वर्ष २०७८/७९ मा सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रमहरुमा कर्मचारीहरुलाई क्षमता विकास गर्ने कार्यका लागि **रु. ८ लाख** रकम विनियोजन गरेको छु ।

१७१. विभिन्न प्रकारका सचेतनामुकल कार्यक्रमबाट गाउँपालिकाको वडा नं. ५ का नागरिकलाई सचेत बनाउने आवश्यक व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.१ लाख** रकम विनियोजन गरेको छु ।

१७२. गाउँपालिकाबाट वैदेशिक रोजगारीमा जाने युवाहरुलाई विदेशमा सिकेको सीपको प्रयोग गाउँपालिकामा गर्ने वातावरण सिर्जना गर्ने र विदेश जान चाहाने युवाहरुलाई विभिन्न प्रकारका सचेतना मुलक कार्यबाट सचेत बनाइ वैदेशिक रोजगारीले सिर्जना गरेका अप्रिय घटनाहरु कम गर्न सुरक्षित आप्रवासन सम्बन्धी कार्यक्रम सञ्चालन सामी परियोजनासँगको सहकार्यमा गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.५ लाख** रकम विनियोजन गरेको छु ।

१७३. गाउँपालिकाको बजेट निर्माण देखी खर्च लेखाङ्कनका सम्पूर्ण कार्यहरु नेपाल सरकारले अनिवार्य रुपमा लागू गरेको सुत्र (SuTRA) मार्फतकामकाज गर्ने व्यवस्था मिलाएको छु ।

१७४. गाउँपालिकाको सुरक्षा व्यवस्था मिलाउन नगर प्रहरीको व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु । गाउँपालिका भित्र घट्ने विभिन्न अप्रिय घटनाको निश्पक्ष अनुसन्धान गर्न सहयोग पुर्याउन गाउँपालिकाको विभिन्न ठाउँमा सि.सि.टी.भी. क्यामेरा जडान गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५ लाख** रकम विनियोजन गरेको छु ।

१७५. गाउँपालिका भित्र निर्माण भइरहेको रेडक्रस भवनमा विभिन्न संरचनाहरु निर्माण तथा सुधार गर्न वडा नं. ४ बाट **रु. १ लाख** रकम विनियोजन गरेको छु ।

१७६. गाउँपालिकाको वडा नं. ४ मा लागू औषध दुर्वेशनीका क्रियाकलापहरु कम गर्न आवश्यक व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु. ५० हजार** रकम विनियोजन गरेको छु ।

१७७. गाउँपालिका बासीलाई वातावरणको महत्व झल्काउन वातावरण मैत्री स्थानीय शासन सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने आवश्यक व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.२ लाख** रकम विनियोजन गरेको छु ।

१७८. गाउँपालिकाको कार्य सम्पादनलाई सुचना प्रविधि मैत्री बनाइ जन सेवालाई छिटो छरितो र पारदर्शि बनाउन विभिन्न सफ्टवेयर निर्माण तथा खरिद गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.५ लाख** रकम विनियोजन गरेको छु ।

१७९. गाउँपालिकामा रहेको न्यायीक समिति तथा मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि तथा न्याय सम्पादन गर्दा हुने विविध प्रकारका खर्चहरु व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेको छु । यस कार्यका लागि **रु.६ लाख**रकम विनियोजन गरेको छु ।

१८०. गाउँपालिका भित्र भएका कार्यहरुलाई जनताको माझ सम्म पुर्याउन विभिन्न सूचनाहरु प्रचार तथा प्रशासरको लागि रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि **रु.१० लाख** रकम विनियोजन गरेको छु ।

१८१. गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अन्य स्थानीय तह तथा अन्य निकायहरुको कार्य सम्पादनको अवलोकन तथा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि अध्ययन अवलोकन भ्रमण तथा विभिन्न पूर्वाधारका आयोजनाहरुको अवलोकन गर्ने व्यवस्था मिलाएको छु । यस कार्यका लागि वडा नं. ३ मा अवलोकन भ्रमणका लागि रु. १ लाख, विभिन्न पूर्बाधार आयोजनाहरुको अध्ययन अवलोकन गर्न ३ लाख, प्राविधिक कर्मचारीका लागि क्षमता अभिवृद्धि कार्यक्रमका लागि रु.२ लाख र पूँजिगत

अनसन्धान तथा परामर्श सेवाका लागि **रु.२० लाख** रकम विनियोजन गरेको छु ।

१८२. गाउँपालिका भित्र करार सेवामा कार्यरत सबै कार्यालय सहयोगिलाई उपलब्ध गराउँदै आएको करार सेवा शुल्कमा वृद्धि गरी रु.१५ हजार पुर्याएको छु ।

१८३. गाउँपालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाउन गाउँपालिकामा आगामी आर्थिक वर्ष देखि लागू हुने गरी सहायक स्तर चौंथो (प्राविधिक) १७ र कार्यालय सहयोगि १८ दरबन्दी सिर्जना गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाएको छु ।

१८४. वडा नं. १ मा लागु औषध दुर्वेशन सम्बन्धी जनचेतना कार्यक्रमका लागि **रु. ५० हजार** रकम विनियोजन गरेको छु ।

१८५. यसरी संस्थागत विकास, सेवा प्रवाह र सुःशासन तर्फ जम्मा **रु.१ करोड ८ लाख ५० हजार** रकम विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

१८६. अव म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त शशर्त अनुदान तर्फ यस आर्थिक वर्षमा गाउँपालिकाले गर्ने कार्यक्रमको बजेट प्रस्तुत गर्न चाहन्छु ।

१८७. संघीय सरकारबाट प्राप्त सशर्त अनुदानलाई सोही बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गरेको छु । यसका लागि चालु तर्फ रु. १७ करोड ९१ लाख र पुँजिगत तर्फ रु. १ करोड ५४ लाख रकम विनियोजन गरेको छु । जस बाट चालु आर्थिक वर्षमा गाउँपालिकामा जम्मा संघीय सशर्त अनुदानबाट **रु.१९ करोड ४५ लाख** बराबर खर्च हुने अनुमान गरेको छु ।

१८८. लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानलाई पनि सोही बमोजिम खर्च गर्ने गरी रकम विनियोजन गरेको छु । यस अन्तर्गत गाउँपालिकामा नवदुर्गा आमासमूह भवन निर्माण कञ्चन -३ मा १० लाख, अस्नैया युवा क्लव भवन तथा कम्पाउण्ड वाल निर्माण कञ्चन -४ मा १० लाख, गौतम बुद्ध आमा समूह भवन निर्माण कञ्चन -४ मा १० लाख, नमूना महिला विकास केन्द्र वर्गदवा कञ्चन -५ मा १५ लाख, सुन्दर नगरमा सुपादेउराली ग्रिन पार्क निर्माण कञ्न-१ मा १५ लाख, कुटीया ताल निर्माण कञ्चन -२ को लागि रु.

१० लाख र एकता युवा क्लव फिल्ड निर्माण कञ्चन-५ का लागि रु. १० लाख गरी जम्मा **रु. ८० लाख** रकम विनियोजन गरेको छु ।

१८९. गाउँपालिका भित्र रहेको अव्यवस्थित जग्गालाई व्यवस्थापन गर्न यहाँ रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने कार्यकालागि आवश्यक पर्ने रकम विनियोजन गरेको छु । यस कार्यका लागि **रु. ५९** लाख रकम विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

१९०. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१९१. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु. ६३ करोड ३८ लाख ३५ हजार विनियोजन गरेको छु । यस मध्ये चालु तर्फ रु.२५ करोड २९ लाख ४० हजार कुल बजेटको **३९.९१ प्रतिशत**, पूँजिगत तर्फ रु.२४ करोड ५८ लाख ९५ हजार कुल बजेटको **३८.७९ प्रतिशत** र सामाजिक सुरक्षा तर्फ १३ करोड ५० लाख कुल बजेटको **२१.३०** प्रतिशत रहने अनुमान गरेको छु ।

१९२. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोत मध्ये गाउँपालिकाको आन्तरिक आम्दानीबाट रु. १ करोड ७५ लाख,चालु आर्थिक वर्षको नगद बैंक मौज्दातबाट रु. १ करोड, जम्मा राजस्व बाँडफाँड (संघ र प्रदेश) बाट ८ करोड ३३ लाख ५४ हजार, जम्मा अनुदान (संघ र प्रदेशः वित्तीय समानीकरण, सशर्त अनुदान र विशेष अनुदान) बाट रु. ५० करोड ७९ लाख ८१ हजार र लागत सहभागिताबाट **रु.१ करोड ५० लाख** रकम प्राप्त हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

१९३. अब म आगामी आर्थिक वर्ष २०७८/७९ को राजस्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१९४. यस गाउँपालिकालाई आत्मनिर्भर गराउँदै जाने योजना सफल बनाउनका लागि कर प्रणालीमा संरचनात्मक परिवर्तन गरी संघ र प्रदेश सरकारसँग निर्भर रहनु पर्ने वाध्यताको अन्त्य गर्दै आन्तरीक आर्थिक क्रियाकलापमा आधारित तुल्याइ

दीगो कर प्रणालीमा रुपान्तरण गर्दै जान निम्न उद्देश्य हासिल गर्ने गरी राजस्व परिचालन गरिनेछ ।

क) वैज्ञानिक अनुमान योग्य र पारदर्शी राजस्व प्रणालीको विकास बाट नीजि लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादन मुलक उद्योग तथा व्यवसाय प्रबर्द्धन र संरक्षण प्रदान गर्ने ।

ख) गाउँपालिका भित्र सम्भावित करयोग्य सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दर कम गर्दै दायरा विस्तार गर्ने ।

ग) मानव स्वास्थ्यलाई नोक्सान पुर्याउने तथा वातावरण ह्रास गराउने वस्तुको प्रयोगमा निरुत्साहित गर्ने ।

घ) गाउँपालिकाको कर प्रशासनलाई सक्षम बनाउन सूचना प्रविधीको प्रयोग मार्फत कर संकलन गर्ने ।

ङ) गैर कर राजस्वका दरहरुलाई समसामयिक लागत प्रभावी र पारदर्शि बनाइ थप राजस्व संकलन गर्न प्रयास गर्ने ।

**सभाध्यक्ष महोदय,**

१९५. आर्थिक वर्ष २०७६/७७ को यथार्थ खर्च, आर्थिक वर्ष २०७७/७८ को जेष्ठ मसान्त सम्मको खर्च र आर्थिक वर्ष २०७८/७९ को अनुमानित आय व्ययको विवरण अनुसूचिहरुमा उल्लेख गरेको छु ।

१९६. मैले माथि प्रस्तुत गरेको बजेटको सफल कार्यान्वयनबाट गाउँपालिकामा उपलब्ध श्रोत र साधनको उच्चतम उपयोग र समन्यायीक वितरण भै गाउँपालिका बासीको जीवन स्तर सहज सुरक्षित र गुणस्तरिय हुँदै जाने तथा दीगो र उच्च आर्थिक वृद्धिको जग मजबुत हुने अपेक्षा लिएको छु । गाउँपालिका भित्रको सार्वजनिक सेवाको प्रभावकारिता एवं गुणस्तर अभिवृद्धि भै सुशासनको प्रत्याभुती हुने विश्वास लिएको छु ।

१९७. प्रस्तुत बजेट तर्जुमा गर्दा मलाई सहयोग गर्नेअध्यक्षज्यू, गाउँपालिका वडाध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु,बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु,गाउँपालिकाका राजनीति दलका प्रमुख तथा प्रतिनीतिहरु, गाउँपालिकाका विद्वत वर्गहरु, गाउँपालिकाका सम्पूर्ण

राष्ट्रसेवक कर्मचारीहरु, बजेट निर्माणको क्रममा अमुल्य राय सुझाव उपलब्ध गराउने सम्पूर्ण सहयोगिहरु र गाउँपालिका बासी प्रति हार्दिक आभार प्रकट गर्दै बजेट कार्यान्वयनमा सबैको सकारात्मक सहयोगको अपेक्षा राख्दै सबल र समृद्ध कञ्चन  गाउँपालिका निर्माणको महान यात्रामा सबै गाउँपालिका बासीलाई सहभागि हुन आह्वान गर्दै विदा हुन चाहन्छु । धन्यवाद् नमस्कार ।

गोमा तरामु
उपाध्यक्ष